आज मिति २०८३।०३।०८ गते सोमबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिलको कार्यसूचीमा रहेका प्रस्ताव माथि छलफल गरी आवश्यक निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | राज कुमार थारू | का.वा.वडाध्यक्ष वडा नं. १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष वडा नं. २ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष वडा नं. ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष वडा नं. १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष वडा नं. ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रावती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | दिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

CamScanner

बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु

**आ.व.०८२।८३ कार्यपालिका बैठक, मिति: २०८३।०३।०८ गते, बैठक संख्या:१८ को प्रस्ताव, कार्यसूची र निर्णयहरु**

प्रस्ताव नं. १८.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,

प्रस्ताव नं. १८.२ विनियोजन विधेयक र आर्थिक विधेयक स्वीकृतिको लागि सिफारिस सम्बन्धमा,

प्रस्ताव नं. १८.३ विषयगत समितिका प्रतिवेदन स्वीकृतिको लागि पेश गर्ने,

प्रस्ताव नं. १८.४ त्रिवर्षिय मध्यमकालिन संरचना सम्बन्धमा,

प्रस्ताव नं. १८.५ (O & M) स्वीकृतिको लागि नगरसभामा पेश गर्ने सम्बन्धमा,

प्रस्ताव नं. १८.६ GESI अडिट प्रतिवेदन सम्बन्धमा,

प्रस्ताव नं. १८.७ अवकाश प्राप्त कर्मचारीको सेवा सुविधा भुक्तानी सम्बन्धमा,

प्रस्ताव नं. १८.८ विविध।

**मिति: २०८३।०३।०८ गते, बाणगङ्गा नगरपालिका नगर कार्यपालिका बैठक सङ्ख्या १८ का निर्णयहरु**

**प्रस्ताव नं. १८.१ अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा,**

**निर्णय नं. १८.१** अघिल्लो कार्यपालिका बैठक मितिः२०८३।०२।२५ गते सम्पनन भएको १७औं बैठकबाट कर्मचारीहरुको तह वृद्धि, कक्षा ८ को ग्रेडबृद्धि परीक्षाको खर्च सम्बन्धमा, कप्टैया खुला व्यामशालामा बजेट व्यवस्थापन, वडा नं. ४ भवन मर्मत सम्भार अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामाग्री व्यवस्थापन, प्रदेश समपुरक योजना सिफारिस सम्बन्धमा, बाणगङ्गा नगरपालिकाको १९औं नगरसभाको कार्यसूची सम्बन्धमा, आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा, बाणगङ्गा नगरपालिकको स्थिति पत्र, शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन, पिपरा अस्पतालको डि.पि.आर. स्वीकृति लगाएतका निर्णयहरु भएको र अधिकांस कार्यान्वयनमा आईसकेकोले उक्त निर्णयहरुलाई समिक्षा गरी अभिलेख राख्ने निर्णय गरियो।

**प्रस्ताव नं. १८.२ विनियोजन विधेयक र आर्थिक विधेयक स्वीकृतिको लागि सिफारिस सम्बन्धमा,**

**निर्णय नं. १८.२** यस बाणगङ्गा नगरपालिकाको रु. २ अर्ब ३३ लाख ७३ हजार सहितको विनियोजन विधेयक २०८३, र आर्थिक वर्ष २०८३।०८४ मा प्राप्त गरिने राजस्व तथा शुल्कका दरहरु सहितको आर्थिक विधेयक २०८३ स्वीकृतिको लागि १९औं नगरसभामा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १८.३ विषयगत समितिका प्रतिवेदन स्वीकृतिको लागि पेश गर्ने,**

**निर्णय नं. १८.३** यस बाणगङ्गा नगरपालिका अन्तर्गत निम्नानुसारका विषयगत समितिहरुका प्रतिवेदनहरु नगरसभामा प्रस्तुतिको लागि पेश गर्ने निर्णय गरियो।

| विषयगत समिति | लेखा समिति |
|---|---|
| १. लेखा समितिको प्रतिवेदन | संयोजक श्री शैलेन्द्र कुमार बेल्बासे |
| २. विधायन समिति | संयोजक श्री बाबुराम अर्याल |
| ३. आर्थिक विकास समिति | संयोजक श्री छबिलाल रेश्मी मगर |
| ४. सुशासन तथा संस्थागत विकास समिति | संयोजक श्री कमल पौडेल |
| ५. पूर्वाधार विकास समिति | संयोजक श्री बिष्णु प्रसाद पौडेल |
| ६. न्यायिक समिति प्रतिवेदन | संयोजक श्री रीता कुमारी चौधरी |
| ७. सामाजिक विकास समिति | संयोजक श्री बिष्णु गिरी |
| ८. वातावरण तथा विपद व्यवस्थापन समिति | संयोजक श्री करुण टण्डन |
| ९. अनुगमन समितिको प्रतिवेदन | नगर उपप्रमुख श्री रीता कुमारी चौधरी |
| १०. सार्वजनिक महत्वका विषयहरु | श्री टेक बहादुर झेडी मगर |

**प्रस्ताव नं. १८.४ त्रिवर्षिय मध्यमकालिन संरचना सम्बन्धमा,**

**निर्णय नं. १८.४** यस बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ देखि २०८५।०८६ सम्मको त्रिवर्षिय मध्यमकालिन खर्च संरचना स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो।

CamScanner

**प्रस्ताव नं. १८.५ (O & M) स्वीकृतिको लागि नगरसभामा पेश गर्ने सम्बन्धमा,**

**निर्णय नं.१८.५** लुम्बिनी प्रदेश, मुख्य मन्त्रि तथा मन्त्रिपरिषदको कार्यालयमा मूल्याङ्कनको लागि कुल २९९ दरबन्दी सहितको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८३ (O & M) पेश गरिएको र उक्त प्रतिवेदन मुल्याङ्कन भई सुझाव सहित प्राप्त भएको र सुझावमा संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (४) मा उल्लेख भए बमोजिम प्रदेश सरकार र स्थानीय सरकारको आन्तरीक आम्दानी र राजस्व बाँडफाँडको रकम स्थानीय सरकारको प्रशासनिक खर्चको व्ययभारमा सनब्तुलन कायम गर्ने गरी सुझाव प्राप्त भएकोले सोही अनुसार हुने गरी हाललाई २६४ जना दरबन्दी कायम गरिएको र उक्त संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८३ लाई स्वीकृतिको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १८.६ GESI अडिट प्रतिवेदन सम्बन्धमा,**

**निर्णय नं. १८.६** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास -GESI) परीक्षणको प्रतिवेदन पेश भई छलफल भयो उक्त प्रतिवेदन अनुसार ८५.५ प्रतिशत प्राप्ताङ्क रहेको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १८.७ अवकाश प्राप्त कर्मचारीको सेवा सुविधा भुक्तानी सम्बन्धमा,**

**निर्णय नं. १८.७** यस कार्यालय अन्तर्गत ५ नं. वडा कार्यालयमा कार्यरत कर्मचारी श्री सकराधे थारु (कर्मचारी सङ्केत नं. ५-३८-४१८१-०३७२०) मिति २०६५/०३/०१ गते साविक कोपवा गाउँ विकास समितिको कार्यालय, कपिलवस्तुमा सहायकस्तर प्रथम तहको पियन पदमा स्थायी नियुक्ती भई कार्यरत रहेको, निजको मिति २०७५/०९/०४ गते बाणगङ्गा नगरपालिकाको कार्यालयमा समायोजन भएको, निज मिति २०८२।०१।११ गते कार्यालय सहयोगी चतुर्थ स्तरमा स्तरवृद्धि भई सेवारत रहेको अवस्थामा उमेर हदका कारण मिति २०८३/०३/०१ गते देखि लागु हुने गरी अनिवार्य अवकाश हुनु भएको ।स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १३४ बमोजिम स्थानीय सेवाबाट अवकाश हुँदा आर्थिक सुविधा प्रदान गर्न प्रदेशस्तरमा एकीकृत अवकाश कोष स्थापना गर्ने व्यवस्था रहेको भएता पनि हालसम्म सो व्यवस्था कार्यान्वयनमा नरहेको । बाणगङ्गा नगरपालिकामा कर्मचारीको कल्याण र सुविधा प्रदान गर्ने हेतुले कर्मचारी कल्याण कोषको व्यवस्था रहेको । कर्मचारी अवकाश भइसक्दा निजको आर्थिक सुविधा सम्बोधन गर्नु कार्यालयको दायित्व रहेको सन्दर्भमा विद्यमान अवकाश सुविधा प्राप्तिको विषयमा सङ्घीय तथा प्रादेशिक कानूनी प्रावधानको अष्पष्टता तथा व्यवहारिक कार्यान्वयनमा तालुक निकायको क्रियाशीलता नदेखिएको सम्बन्धमा निजलाई बाणगङ्गा नगरपालिकाको कर्मचारी कल्याण कोषबाट उपचार खर्च, सञ्चित बिदा र उपदान बापतको जम्मा रकम रु.२१,६८,७६१.४०।– (अक्षरूपी एक्काइस लाख अठ्सठ्ठी हजार सात सय सोह्र रूपैयाँ चालिस मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. १८.८ पिपरा अस्पतालको स्तरोन्नती सम्बन्धमा,**

**निर्णय नं. १८.८** यस नगरपालिका अन्तर्गत हालसम्म १५ बेडको आधारभूत अस्पतालको रुपमा सञ्चालन हुँदै आएको पिपरा अस्पतालमा आधारभूत अस्तपालले प्रदान गर्ने सेवाको अतिरिक्त अन्य सेवाहरु समेत सञ्चालन गर्दै आईरहेको र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७७ बमोजिम उक्त पिपरा अस्पताललाई १५ सैयाबाट स्तरवृद्धि गरी २५ सैयाको अस्पताल सञ्चालन हुने गरी स्तरोन्नती गर्न नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८.९ विविध**

**निर्णय नं. १८.९.१** बाणगङ्गा नगरपालिकाको सार्वजनिक सेवा दमकलन सञ्चालन गर्नको लागि आफ्नै पानीको स्रोत नभएको कारण हालसम्म बाणगङ्गा नगरपालिका वडा नं. ८ को लौगाई गणेश मन्दिर पोखरीबाट पानी भर्दि्दै आएकोले उक्त गणेश मन्दिरको मन्दिर पोखरी व्यवस्थापनको लागि सेवा शुल्क शिर्षकबाट रु.५०,०००।– (पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १८.९.२** संघीय सरकारबाट मृगौला प्रत्यारोपण गरेका, डाईलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधी उपचार वापत पाउने खर्च रकम शिर्षकमा बजेट अपुग भएको हुँदा यस नगरपालिकाको विपद व्यवस्थापन कोषबाट २,००,०००।– (अक्षेरुपी दुईलाख) मा नंबढ्ने गरी विपद व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १८.९.३** निम्नानुसारको संस्थाहरुले खेलकुँद कार्यक्रम सञ्चालन गर्दा रकम अभाव भएको कारणले यस नगरपालिकामा आर्थिक सहयोग रकम माग गरेकोले खेलकुँद शिर्षकमा रहेको बजेट रकमबाट निम्नानुसार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१. तारापुञ्ज युवा क्लव, कपिलवस्तु नेपाल रु. ५०,०००।– (पचास हजार)

२. दर्पण युवा क्लव बाणगङ्गा-२, राजपुर कपिलवस्तु रु. ५०,०००।– (पचास हजार)

**निर्णय नं. १८.९.४** बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधी २०८२ को परिच्छेद २ उपदफा ६ बमोजिम मिति २०८२।०९।०७ गतेको कार्यपालिका बैठकबाट भएको निर्णय, मिति २०८३।०३।०८ को वडा न.१० को वडाको सिफारिस अनुसार बाणगंगा वडा न.१० को गोगापुर टोलका तपसिल बमोजिमको सुनौला हजार दिनका आमाहरुलाई विपन्न महिलाको पोषण सुधारका लागि आयआर्जन अनुदान वितरणको लागि लाभग्राही छनौट गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.स. | नाम/थर | क्र.स. | नाम/थर | क्र.स. | नाम/थर |
|---|---|---|---|---|---|
| १ | निर्मला देवी थारु | ११ | करिश्मा कुमारी चौधरी | २१ | स्नेहा थारु |
| २ | विनिता थारु | १२ | रुपा थारु | २२ | मिना मुसहर |
| ३ | ज्योति थारु | १३ | निरा कुमारी चौधरी | २३ | अनिता थारु |
| ४ | श्री कान्ति थारु | १४ | सिता थारु | २४ | ललिता थारू |
| ५ | गौरी थारु | १५ | गंगा दंगामी | २५ | प्रेम कुमारी थारु |
| ६ | निरमाया थारु | १६ | अनिशा थारु | २६ | बबिता चौधरी |
| ७ | मिरा चौधरी थारु | १७ | सरिता कुमारी थारु | २७ | मनिषा थारु |
| ८ | गिता पन्थी चौधरी | १८ | सन्जु थारु | २८ | रमा शर्मा |

CamScanner

| क्र.स. | नाम/थर | क्र.स. | नाम/थर | क्र.स. | नाम/थर |
|---|---|---|---|---|---|
| ९ | अमृता थारु | १९ | सरस्वती थारु | | |
| १० | मनिसा चौधरी | २० | कृष्णा कुमारी चौधरी थारु | | |

**निर्णय नं. १८.९.५** पौडेल वंश महासंघ नेपाल, लुम्बिनी प्रदेशको केन्द्र स्तरीय बैठक यसै जिल्लाको बुद्धभूमीमा नगरपालिका गोरुसिंगेमा सञ्चालन भएको र यस कार्यालयमा आर्थिक सहयोगको लागि अनुरोध भई आएकोले १ दिनको खाना खर्च वापत रु.३४,०००।– संघ संस्था सहायता शिर्षकबाट आर्थिक सहयोग भुक्तानी उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १८.९.६** पोषणमैत्री वडा घोषणाको लागि बाणगङ्गा नगरपालिका वडा न.०४ र ०९ को सम्पूर्ण सूचकहरु पूरा भएको हुँदा पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि,२०८०, परिच्छेद ५ को दफा १०(२) बमोजिम पोषणमैत्री वडा घोषणाको लागि जिल्ला स्तरीय अनुगमन तथा सिफारिस समितिमा सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. १८.९.७** कृषि विकास शाखाको स्वीकृत प्रतिवेदन माथी छलफल भयो सो प्रतिवेदन र छलफलको निश्कर्ष अनुसार यस बाणगङ्गा नगरपालिका र अन्तर्गत खाद्द उत्पादन पर्याप्त भएको, व्यवसायिक उद्दमशिलता र रोजगारीको अवस्था राम्रो रहेको कारण खाद्य असुरक्षा नरहेकोले सोही अनुसार प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरियो।

**निर्णय नं. १८.९.८** स्वीकृत मापदण्ड अनुसार बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को व्यवस्थापन परीक्षण माथि छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १८.९.९** यस बाणगङ्गा नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र स्वीकृत बजेट अनुसार कार्यान्वयन भएका निम्नानुसारका क्षेत्रका प्रतिवेदनहरु स्वीकृत गर्ने निर्णय गरियो।

**तपसिल**

१. राजस्व परामर्स समितिको प्रतिवेदन
२. बजार अनुगमन प्रतिवेदन
३. सहकारी अनुगमन प्रतिवेदन
४. संघसंस्था अनुगमन प्रतिवेदन
५. विपद् व्यवस्थापन अनुगमन प्रतिवेदन
६. वडा कार्यालय तथा सेवा अनुगमन प्रतिवेदन
७. स्वास्थ्य संस्था तथा सेवा अनुगमन प्रतिवेदन
८. राजस्व अनुगमन प्रतिवेदन
९. जिल्ला समन्वय समिति अनुगमन तथा सुझाव वार्षिक प्रतिवेदन
१०. भौतिक पुर्वाधार अनुगमन प्रतिवेदन
११. कृषि विकास तथा पशु सेवा सम्बन्धी अनुगमन प्रतिवेदन
१२. खानेपानी तथा सरसफाई अनुगमन प्रतिवेदन
१३. खरिद योजना कार्यान्वयन अनुगमन प्रतिवेदन
१४. जाँचपास तथा फरफारक समितिको अनुगमन प्रतिवेदन
१५. गुनासो सुनुवाई अनुगमन प्रतिवेदन
१६. बालमैत्री स्थानीय शासन दिगोपना अनुगमन प्रतिवेदन

CamScanner

१७.बालश्रममुक्त दिगोपना अनुगमन प्रतिवेदन
१८.पूर्ण संस्थागत प्रसुती दिगोपना अनुगमन प्रतिवेदन
१९.पोषणमैत्री नगरपालिका दिगोपना अनुगमन प्रतिवेदन
२०.दुधमा आत्म निर्भर नगरपालिका दिगोपना अनुगमन प्रतिवेदन

**निर्णय नं. १८.९.१०** बाणगङ्गा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८३।०२।२५ गतेको विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलानको निर्णय बमोजिम बाणगङ्गा नगरपालिका, नगर कार्यापालिकाको कार्यालयको मिति २०८३।०३।०८ गतेको शिक्षक दरबन्दी मिलानका लागि दरबन्दी कटौती भएका विद्यालयका शिक्षकका लागि विद्यालयको रोजाइको निवेदनको सूचना आह्वान गरिएकोमा प्राप्त निवेदनका आधारमा विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलानमा स्वीकृत दरबन्दी र राहत अनुदान कोटा कटौती भई थप भएका विद्यालयहरुमा शिक्षक सरुवा पदस्थापनका लागि शिक्षकको नियुक्तिको जेष्ठता, शैक्षिक योग्यता, शैक्षिक योग्यताको विषय, सम्बन्धित तहको मौजुदा स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटाको अवस्था र रोजाइको प्राथमिकताका आधारमा देहाय बमोजिम शिक्षक दरबन्दी मिलान प्रयोजनार्थ शिक्षकहरुलाई सरुवा पदस्थापन गर्ने निर्णय गरियो।

**निर्णय नं. १८.९.११** मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था र नीति तथा कार्यक्रम र बजेटमा समावेस मानव अधिकार सम्बन्धी कार्यक्रमको प्रगति तथा अवस्थाको बारेमा छलफल भई प्राप्त वार्षिक प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १८.९.१२** जग्गा प्लटिङ तथा खण्डिकरणमा स्वीकृत मापदण्ड पालना भएको अनुगमन प्रतिवेदन माथी छलफल भयो उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १८.९.१३** विद्यालय कर्मचारी (विद्यालय सहयोगी र लेखापाल), प्रारम्भिक बालबिकास सहजकर्ताहरुको आर्थिक वर्ष २०८३।०८४ को लागि संघीय अनुदानको रुपमा प्राप्त हुने पारिश्रमिकमा देहाय बमोजिम थप पारिश्रमिक तथा सुविधा कायम गर्ने निर्णय गरियो।

| सि.न. | सम्बन्धित क्षेत्र | नगरबाट थप हुने पारिश्रमिक (मासिक) | चाडपर्व (वार्षिक) | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालय कर्मचारी (विद्यालय सहायक-लेखापाल) | १०,०००।- | १०,०००।- | |
| २ | विद्यालय कर्मचारी (विद्यालय सहयोगी) | १०,०००।- | १०,०००।- | |
| ३ | प्रारम्भिक बालबिकास सहजकर्ता | १०,०००।- | १०,०००।- | |

**निर्णय नं. १८.९.१४** यस नगरपालिकाका सबै वडाहरुमा बालमैत्री दिगोपनाको लागि खटाईएका बालमैत्री सहजकर्ताहरुको आर्थिक वर्ष २०८३।०८४ को लागि प्रोत्साहन स्वरुप रु. १६,०००।– (खाजा, यातायात वापत) उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १८.९.१५** नगर शिक्षा समितिको मिति २०८३।०३।०८ गतेको सिफारिस बमोजिम बाणगङ्गा नगरपालिका वडा नं ११ मैनहरामा सञ्चालित श्री जनसहयोग आधारभूत विद्यालयमा न्यूनतम विद्यार्थी संख्या समेत नरहेकोले भौगोलिक दूरीका आधारमा उक्त विद्यालयलाई बाणगङ्गा नगरपालिका वडा नं ०३ स्थित श्री दुर्गा आधारभूत विद्यालय कर्महनामा प्रारम्भिक बालविकास तहसहित पूर्ण विद्यालय समायोजन गर्ने साथै समायोजन भई एकीकरण भएको श्री दुर्गा आधारभूत विद्यालय, कर्महनामा उक्त समायोजन भएको विद्यालयमा कार्यरत प्रारम्भिक बालविकास सहजकर्ता शिव कुमारी चौधरीलाई सरुवा पदस्थापन तथा विद्यालय कर्मचारी विद्यालय सहयोगी राम शंकर प्रसाद चौधरीलाई अर्को व्यवस्था नभए सम्मको लागि काज सरुवा गर्ने निर्णय गरियो ।

CamScanner